म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ६६ २०८० माघ १० गते बुधबार 24 January 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## बञ्जाराले सफाई पाए

हेटौंडाः महिलामाथि जबर्जस्तीकरणीको अभियोगमा पक्राउ परेका ईन्द्रप्रसाद बञ्जाराले सफाई पाएका छन् । २०७९ साल चैत ३० गते पक्राउ परेका बञ्जाराविरुद्ध जबर्जस्तीकरणीको दावी नपुगेको भन्दै मकवानपुर जिल्ला अदालतका न्यायाधीश श्रीप्रसाद सञ्जेलले मंगलबार बञ्जारालाई सफाई दिएको हो । गत बैशाख २१ गते बञ्जाराविरुद्ध जबर्जस्तीकरणीको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो । बञ्जारा भीमफेदी काराकारमा पुर्पक्षका लागि थुनामा छन् । अदालतको आदेशसँगै बञ्जारा मंगलबार नै थुनामुक्त भएका छन् ।

### बालमैत्री गाउँपालिका मनहरीमा

## बालमैत्री अभियानलाई निरन्तरता दिन ध्यानाकर्षण



गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीलाई ध्यानाकर्षणपत्र बुझाउँदै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकाका युवा अभियान तथा बाल अधिकारकर्मीले बालमैत्री अभियानलाई निरन्तरता दिन माग गर्दै गाउँपालिकामा ध्यानाकर्षणपत्र बुभाएका छन्। गाउँपालिकालाई नेपालमै पहिलो बालमैत्री गाउँपालिका घोषणा गरे तापनि बालमैत्री निरन्तरताका लागि गर्नुपर्ने काममा कमी कमजोरी भएको भन्दै गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीलाई सोमबार बाल अधिकारकर्मीहरुले ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

गाउँपालिकामा बालविवाह, बालश्रम, बालहिंसा, लागूपदार्थ दुर्व्यसनीजस्ता घटनाहरु प्रतिदिन बढ्दै गएकोमा चिन्ता व्यक्त गर्दै गाउँपालिकाका अध्यक्ष कालाखेतीलाई ध्यानाकर्षण गराइएको बाल अधिकारकर्मी आशीष बुढाथोकीले बताउनुभयो । केही दिन पहिले मनहरी गाउँपालिका-५ मा भएको बालविवाहलाई रोक्ने उद्देश्यले बाल सञ्जालका पदाधिकारीहरुले गाउँपालिकालाई जानकारी गराउँदा पनि गाउँपालिकाले चासो नदेखाएको ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ ।

गाउँपालिकामा होटल तथा ग्यारेजहरुमा अत्याधिक मात्रामा बाल श्रमिकहरु पाइने गरेको बाल अधिकारकर्मी बुढाथोकीले बताउनुभयो । बाल अधिकारकर्मीहरुले अहिलेसम्म एक सयभन्दा बढी हुन लागेको बालविवाहलाई रोकेको उहाँले बताउनुभयो । गाउँपालिकाका बालमैत्री समूहकै एक सदस्यले १५ वर्षको उमेरमा बालविवाह गरेको उहाँको भनाइ छ । बालविवाह न्यूनीकरण गर्ने सबैको जिम्मेवारी रहेको उहाँले स्पष्ट पार्नुभयो ।

गाउँ कार्यपालिकाको पूर्वसदस्यकै परिवारमा बालविवाहको घटना भएको भन्दै पालिकाको ध्यानाकर्षण गराएको बताइएको छ । ध्यानाकर्षण गराउँदा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षले परि वारले नै ध्यान नदिँदा हामीले के गर्ने भन्ने जस्तो गैरजिम्मेवार जवाफ दिएको भन्दै दुख व्यक्त गरेका छन् । केहीदिन अघि मात्रै मनहरी गाउँपालिकामा तीनजना बालश्रमिकको उद्दार गरिएको थियो ।

## बकैयामा ग्रामीण आँखा केन्द्र उद्घाटन



आँखा केन्द्र स्थापनापछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौंडाः बकैया गाउँपालिका र हेटौंडा सामुदायिक आँखा अस्पतालको सहकार्यमा मकवानपुर जिल्लाको बकैया गाउँपालिकाको छतिवनमा बकैया ग्रामीण आँखा केन्द्र उद्घाटन भएको छ । बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले सोमबार ९५ वर्षीया पूर्ण राईलाई आँखा जाँचका लागि ओपीडी कार्ड हस्तान्तरण गरी केन्द्रको उद्घाटन गर्नु भएको हो । केन्द्रमा पूर्णरुपमा आँखा जाँच कार्यक्रम शुरु भएको छ ।

उद्घाटन कार्यक्रममा गाउँपालिकाका अध्यक्ष लामिछानेले बकैया गाउँपालिका र हेटौंडा सामुदायिक आँखा अस्पतालको सक्रियतामा केन्द्र स्थापना हुँदा यस क्षेत्रका मानिसहरुले आँखाका सामान्य समस्याका लागि हेटौंडा जानुपर्ने अवस्था नहुने बताउनुभयो । हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले समुदायस्तरमा पुगी आँखा स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाको सहकार्यमा स्थापना भएको केन्द्रमा आँखा स्वास्थ्यसम्बन्धी अन्य कार्यक्रमहरु पनि संचालन गर्न समन्वय गरिने बताउनु भयो ।

केन्द्रमा आँखा जाँच, चश्मा जाँच, औषधि सेवा, सामान्य शल्यक्रिया र नियमित आँखा शिविर पनि सञ्चालन गरिनेछ। उद्घाटनको अवसरमा आयोजित निशुल्क आँखा शिविरमा १ सय ८५ जना बिरामीको आँखा जाँच गरिएकामा २३ जना मोतिविन्दुका बिरामीहरुको भेटिएको छ । यसअघि मकवानपुरका ६ वटा पालिकामा ग्रामीण आँखा केन्द्र स्थापना भइसकेको छ । मकवानपुरको मनहरी, बागमती, ईन्द्रसरोवर, कैलाश गाउँपालिका र थाहा नगरपालिकामा ग्रामीण आँखा केन्द्र स्थापना भइसकेको छ ।

हेटौंडा सामुदायिक आँखा अस्पतालले आवश्यक उपकरणको व्यवस्थापन गर्ने र सम्बन्धित पालिकाले आँखा केन्द्र सञ्चालनका लागि स्थान र २ जना जनशक्ति व्यवस्थापन गरेपछि आँखा केन्द्र स्थापना हुने हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभएको छ । हेटौंडा आँखा अस्पतालले २० लाख रुपैयाँ बराबरको उपकरण उपलब्ध गराउँदा पालिकाले नासु सरहको नेत्र सहायक र एकजना सहयोगी कर्मचारीको व्यवस्थापन गर्नुपर्ने हुन्छ । मकवानपुरका १० वटा पालिकामध्ये राक्सिराङ, भीमफेदी र मकवानपुरगढी गाउँपालिकामा मात्रै ग्रामीण आँखा केन्द्र स्थापना हुन बाँकी छ । भीमफेदी र राक्सिराङमा आँखा केन्द्र स्थापनाका लागि पहल भइरहेको र मकवानपुरगढी गाउँपालिकामा पनि पहल गरिने व्यवस्थापक श्रेष्ठले बताउनुभएको छ ।

## सामाजिक विकास मन्त्रालयको अर्धवार्षिक समीक्षा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले अर्धवार्षिक समीक्षा गरेको छ। मंगलबार मन्त्रालयको सभाहलमा मन्त्रालयअन्तर्गत्का १० वटै कार्यालयले प्रस्तुतिकरण गरेको मन्त्रालयका उपसचिव खुबिराम अधिकारीले जानकारी दिनुभयो ।

सामाजिक विकास मन्त्रालयका मन्त्री कुमारी मोक्तानको प्रमुख आभिभावकत्व र सचिव डा. भीष्मकुमार भुसालको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. नरविक्रम थापाको आतिथ्य रहेको थियो भने प्रदेश कार्यालय प्रमुखहरुलगायतको उपस्थिति रहेको थियो।

प्रदेशका विभिन्न प्रतिनिधिहरुको सहभागितामा चालु आर्थिक वर्षको पहिलो ६ महिनामा गरेको तथा गर्न नसकेको कामको समीक्षा गरिएको अधिकारीले बताउनुभयो। यस्तै, कार्यक्रममा आगामी दिनको योजना, वर्षको लक्ष्य प्राप्ती गर्ने विषयमा छलफल भएको उहाँले जानकारी दिनुभयो ।

६ महिनाको कार्यकालको कमी, कमजोरी तथा आगामी ६ महिनामा बाँकी लक्ष्य पूरा गर्ने विषयमा छलफल तथा प्रस्तुतिकरण भएको छ । अधिकारीका अनुसार गजुरी र धुलिखेलमा एक दिने क्षमता अभिवृद्धिसम्बन्धी तालिम, कर्मचारीको कार्यसम्पादन मूल्यांकन, सरुवा, बढुवासम्बन्धी कार्य, गरिबी निवारण नीतिको मस्यौदा लेखन कार्य भइरहेको छ । जनशक्ति कमी रहेका कारण विनियोजित रकम लक्ष्यअनुसार खर्च हुन नसकेको उपसचिव अधिकारीले बताउनुभयो ।






# हजारौंमा एक तिमी



✍ **दर्शना सापकोटा**

हजारौंमा एक तिमी
आकाश भरिको तारा
मध्येको चन्द्रमा हौ तिमी
बिझाउँदो काडाँहरु बिचको
गुलाब हौ तिमी
मन्त्रमुग्ध पारेर
आफ्नो रङ्गमा ढाल्ने
मेरो अन्धकार जीवनमा
उज्यालोको ज्योति भर्ने
दिप हौ तिमी

सागरको मिल्नै नसक्ने
दुई किनारा थियौं हामी
पानी र आगो झैं मिल्नै
नसक्ने तत्व थियौं हामी
झैंझगडामै बित्दै जान्थ्यो
दिन हाम्रो
एउटा आगो त अर्को
ज्वाला थियौं हामी

थाहा छैन कहिले हजारौंमा
एक बन्न पुग्यौ तिमी
मनको एक अठोट भावना
बन्न पुग्यौ तिमी
हरेक किताबको पानामा
तिम्रो स्पर्श खोज्दाखोज्दै
कसरी मेरो किताबको
एक अध्याय
बन्न पुग्यौ तिमी
अधुरो भएपनि तिम्रो
मुहारबाट सधैं
हासो बनी आउनेछु
अपुरो भएपनि
तिम्रो आखाँबाट
आँसु बनेर बहनेछु
प्रेम त श्री कृष्णको पनि
अधुरो थियो राधे
अर्को जुनी आउँदा
पक्कै तिम्रै बनेर आउनेछु ॥

*कक्षा ९, नवोदय शिशु सदन*

# बाबा




✍ **सुहाना दुंगाना**

बाबा तिमीले पसिना बगाई बगाई
मलाई खाना खुवायौ ।
म दुःखी हुँदा
मलाई हँसायौ ।

जहिले काममा गई
थामी आउनु हुन्छ ।
तिमी घरमा नहुँदा
घरनै शून्य लाग्छ ।

*कक्षा-८, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# बाबा



✍ **संस्कृति थापा मगर**

पढाएर मलाई दिनु हुन्छ ज्ञान
मेरो बाबा संसारमै महान ।

पढ नानी, पढ बावु भनिरहनु हुन्छ
नपढेर अल्छी भए दुःखले छुन्छ ।

संसारमा सबैभन्दा मेरो बुबा राम्रो
आमा बुबा साँच्चिकैका देवता हुन् हाम्रो ।

बाबा सधैं भन्नु हुन्छ धेरै पढ्नपर्छ
ठुलो मान्छे बनेर अघि बढ्नुपर्छ ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# चित्रकला




**पल्लभी लामा**
**कक्षा-४, निर्मल मावि, हेटौडा-१९**




**समृद्धि श्रेष्ठ**
**कक्षा-२, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**





**सलिसा ताम्राकार**
**कक्षा-४, निर्मल मावि, हेटौडा-१९**





**सुयोग श्रेष्ठ**
**कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**

# फूलबारी



✍ **अनिष गिरी**

रङ्गीचङ्गी फुलले
संसार छ भरेको
सुन्दरताको मोहमा
शोभा दिन हिँडेको

फुलबारी नाम हो
बास्ना छर्ने काम हो
दैवको नि नियती
गाँस्ने भयो पिरती

लोभ्याउँछ मन पनि
माहुरीको हुलले
पुतली र भमरा
गीत गाउँछ पहरा

थरी थरी फुलले
सुन्दरता दिनेछन्
ईश्वरकै पाउमा
सधैँभरि पुज्नेछन्

*कक्षा-६, कमाने एकेडेमी, हेटौँडा-८*

# असल साथी



✍ **सम्मान थापा**

फुल जस्तै विद्यार्थी
बगैंचामा फुलेको
झोला बोकी आएको
पढ्न लेख्न थालेको

सुवासले भरेको
ज्ञान, सीप सिकेका
सबै जना मिलेर
राम्रो काम गरेका

सफलतामा हिँड्ने छौं
सभ्य मान्छे बन्ने छौं
देशलाई श्रृङ्गारी
हामी अघि बढ्ने छौं

सहयोगी बन्ने छौं
माया प्रेम छर्ने छौं
भगवानको दर्जामा
आमाबुवा राख्ने छौं

*कक्षा-६, कमाने एकेडेमी हेटौँडा-८*

# मेरो देश



✍ **मैत्रिया थिङ**

कति देश खोजें बोकी देशको मानचित्र
आखिरमा देश पाएं आफ्नै मन भित्र
देश खोज्न हिमाल पाहाड सबैतिर धाएं
आखिरमा आफ्नो देश आफैंसित पाएं

जुन दिन मैले मनमा आफ्नो देश भेटें
हिमाल पाहाड जताततै आफ्नै देश देखें
खुसि लाग्छ देश संग आखां जुदाउंदा
हिमाल हांसे जस्तो लाग्छ घाम उदाउंदा

हिमाल, पाहाड, तराई, मधेस मेरो घरबार
सबै जाती सबै मानिस मेरो परिवार
छैन कुनै भेदभाव हेर मेरो देशमा
रहेका छन सबै जाती आफ्नै भाषा भेषमा

*कक्षा ६, श्री चन्द्रोदय मा.वि., हेटौंडा ८*

# पालुवा



✍ **रितिका खतिवडा**

नाम छ एउटै रुपरङ एउटै
जन्मेको पनि कालखण्ड एउटै
वसन्त सँगै म त प्रकट भएँ
माताको शीर माथि झुलिरहेँ

पुतलीहरु छुनुमुनु गर्दै
हर्षित भई आए रङ भर्दै
कठोरपन कत्ति छैन यहाँ
मुस्कुराई दिन्छु पुष्पहार महाँ

संकट पार्छन कति स्वार्थी आई
पशुले भेटे सकिदिन्छ खाई
नमास ऐले सबैलाई बिन्ती
काम बन्छ ठूलो पछि तिम्रै निन्ति

टुसाकै रुप लिएको छु मैले
हावामा झुलिरहेको छु अहिले
के होला नाम लौ मलाई चिन
म सुन्दर पालुवा हुँ अलमल किन

*कक्षा ८, श्री चन्द्रोदय मा.वि. हेटौंडा ८*

# विद्यार्थी परिचय



**स्तुती गुरागाई**
**कक्षा-८, नवोदय शिशु सदन**

स्तुती हेटौंडा-४ स्थित नवोदय शिशु सदनमा कक्षा ८ मा पढ्नु हुन्छ। स्तुतीको घर हेटौंडा-४, कमलडाँडामा रहेको छ। स्तुतीको घरमा आमा, बुबा र एकजना दिदी गरी ४ जना हुनुहुन्छ।

स्तुतीको आमा मकवानपुर बहुमुखी क्याम्पसमा पढाउनुहुन्छ, बुबा निजामति कर्मचारी हुनुहुन्छ। स्तुतीको दिदी वकिल हुनुहुन्छ। स्तुतीको पढाई र व्यवहार दुबै निकै राम्रो रहेको छ। स्तुती अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने गर्नुहुन्छ। स्तुती विद्यालयको हाउस भाईस क्याप्टेन हुनुहुन्छ। सँगै विद्यालयमा रहेको बालमैत्री समूहमा पनि हुनुहुन्छ। स्तुतीलाई वक्तृत्वकला, साहित्य, सार्वजनिक सभामा बोल्न धेरै रुचि छ। स्तुतीले यस्ता क्रियाकलापहरुमा सहभागी भई पुरस्कार समेत प्राप्त गर्नुभएको छ। स्तुतीलाई बोल्ने अभ्यास गर्न मन पर्छ। स्तुतीले घरमा आमालाई सघाउने गर्नुहुन्छ। र परिवारसँग समय बिताउन निकै मन पर्छ।

स्तुतीलाई भविष्यमा डाक्टर बन्नु छ। डाक्टर बनेर दुर्गम क्षेत्रको बिरामीहरुलाई निशुल्क सेवा दिने योजना रहेको बताउनुहुन्छ। स्तुती खाली समयमा किताबहरु पढ्नुहुन्छ। स्तुतीले कविता लेख्ने र मनोरञ्जन लिने गर्नुहुन्छ। बाँकी समयमा आफ्नो अक्षर राम्रो बनाउने अभ्यास गर्ने गर्नुहुन्छ। स्तुतीलाई विद्यालय र दुबै ठाउँको वातावरण अनुकुल भएको मन पर्छ।

## बुधबारे बालसाहित्य विशेषबारे



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका र चना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।

**सम्पादक ।**

# यो कस्तो नियम हो तिम्रो ?



✍ विनिता परियार

आमाको कानको रिङ धितो राखेर
विदेश हिँडेको मान्छे म
विदेश गएर पैसा कमाउँछु
परिवार पाल्छु भन्दै आश बोकेर
हिँडेको मान्छे म

स्वदेशमा रोजगारी भएको भए
किन जानु पर्थ्यो विदेश
आफ्नै देशमा हाँसी-खुसी जीवन बिताउँथे
किन जान्थें र पराईको देश

तर मेरो जीवनको अन्त्य गर्दियौ तिमीले
जब त्यो गोली मेरो छातीमा लाग्यो
त्यसैले, तिमी मेरो मात्र होइन
मेरो सपनाको पनि हत्यारा हौ

के बाँच्ने ईच्छा राख्नु मेरो अपराध हो र
देश बिगार्नेलाई तिमी सम्मान गर्छौ
अनि कामको खोजीमा भौंतारिनेलाई गोली प्रहार
यो कस्तो चलन हो तिम्रो ?

छोरा फर्केर आउने बाटो कुरेर बसेकी मेरी आमा
छोरा सदाका लागि अस्ताएको कुरा थाहा पाएर
रुँदै गल्ती सोधिन् भने तिमीलाइ के उत्तर दिन सक्छौ
मेरी अबोध आमालाई

भन्छौ भने दश बीस लाख दिन्छु
म जेथा बेचेर दिन्छु पैसा तिमीलाई
के दिन सक्छौ मेरो दाजुलाई बचाइदिन
के सक्छौ आमाको मुहारमा खुसी भरिदिन

न स्वदेशमा काम गरेर खान दियौ
न विदेशमा पाखुरा बजार्न जान दियौ
मेरा दाइलाई मारेर मैरै पैसा मेरी आमालाई दिने
सरकार, यो कस्तो नियम हो तिम्रो ?

*कक्षा-१०, चन्द्रोदय मावि, हेटौंडा-८*

# राम्रो



✍ आमोस माझी

नेपालको शितल ठाउँ राम्रो
सानै भए तापनि गाउँ राम्रो ।

हिमाल राम्रो जल ताल राम्रो
छाँगा छहारी सब लाग्छ राम्रो ।

अझै अग्लो हुन्छ हिमाल
हामीले शिखर छुन सके ।

अझै राम्रो हुन्छ नेपाल
हामी राम्रो हुन सके ।

फुल्दा फुल वनमा वन हुन्छ राम्रो
हाँस्ने र खेल्ने धर्ती छ राम्रो ।

आकाश खुल्दा दिन हुन्छ राम्रो
उज्यालो छर्ने जुन घाम राम्रो ।

मान्छेहरुको मन भको भए राम्रो
अझै हुन्थ्यो नेपाल राम्रो ।

आमोस माझी
*कक्षा-७, महेन्द्र मावि, बकैया-४*

# मेरो चाहना



✍ भगवती आचार्य

गाउँबाट फर्किएर सहरमा आएँ
आमाबाको आशा पुरा गर्नतर्फ लागेँ
सानो छ चाहना पुरा गर्न थाल्छु
सानो पाउ भए पनि पाइला अघि सार्छु

आमाबाको सपनालाई काँधमाथि राख्छु
यो सपनालाई पुरा गर्न म धेरै अघि बढ्छु
अघि-अघि हिँड्छु अब रोकिने छैन म
प्रगतिको पथमा अघि लम्किरहन्छु म

ठूलो भई देश निर्माणको बाटो खन्ने छु
देशलाई चाहिने कर्णधार म आफैं बन्ने छु
आमाबाले दिएको सीपको सदुपयोग गर्ने छु
यै माटोमा जन्मे हुर्के यै माटोमा मर्नेछु

*कक्षा-८, चन्द्रोदय मावि, हेटौंडा-८*

# फूल



✍ रिदिमा आचार्य

आहा कति राम्रो आजको दिन ।२।
फूलको बासनामा रमाएकी छिन् ।

कुनै रातो, कुनै पहेँलो, कुनै हरियो
रँगै रंगको फूल देखेर दंग परियो ।

फूलको बासनामा रमाएकी छिन् ।२।
फूलैको सुन्दरतामा डुबिएको किन ?

फूलैमा छ माया, फूलैमा छ प्रेम ।२।
फूलको संसारमा ठूलै छ यो गेम ।

मान्छे पनि कहाँ, चराचुरुंगी पनि यहाँ ।
फूलैको सुन्दरतामा डुबेका छन् जहाँ ।२।

फूलको बासनामा रमाएकी छिन् ।
फूलैमा अडिएको छ संसार यो किन ? ।२।

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*



# आमा



✍ आरती साह

आमाले दुःख गर्नुहुन्छ हाम्रा लागि
काखमा सुताउनु हुन्छ रातभर जागी
आमाले सबेरै उठेर गर्नुहुन्छ काम
खाजामा मेरो लागि पाउरोटी र जाम ।।

आमाले गर्नुहुन्छ काम अनिवार्य
मलाई मद्दत गर्नुहुन्छ अनि सहकार्य
आमाले लुकाउनुहुन्छ आफ्नो दुःख
हामीलाई दिनुहुन्छ सधैं सुख ।।

बुबा अफिसबाट राती फर्कनु हुन्छ
तेरो के काम छ र भनी थर्काउनु हुन्छ
मलाई सानोमा हिंड्न सिकाउनु भयो
ताते ताते भन्दै मिठो बोली सिकाउनु भयो ।।
त्यसैले मलाई प्यारो लाग्छ आमा ।।

*कक्षा-७, ज्ञानदा मावि, हेटौंडा-१०*

# मेरी प्यारी आमा



✍ सुजिल लामिछाने

आमा हामीलाई जन्माउने र हुर्काउने आमा
आमा जस्तो भेट्ने छैन कहिलै यो जीवनमा ।

आमाले नै हामीलाई माया प्रेम गर्छिन्
कहिले आउला स्कुलबाट भन्दै बाटो कुर्छिन् ।।

हाम्रो राम्रो उन्नतिले आमा खुसी हुन्छिन्
गलत काम गर्‍यो भने सजाय पनि दिन्छिन् ।

आमा कै कारणले पाउने छु जीवनमा साथ
प्यारो लाग्छ छोराछोरीलाई आमाको नै काख ।।

आमाको छ जीवनमा धेरै-धेरै महत्व
आमा बिना हुने छैन अस्तित्व जगतको ।

आमाको काखमा हामीले पाउँछौ धेरै ज्ञानका कुरा
आमा बिना हुने छैन हाम्रो जीवन पुरा ।।

भगवान जताततै पुग्न नसकेर
हामीसँग आएकी छिन आमा नै बनेर ।

आमा हुन खुसी हाम्रो जीवनमा
आमा बिना हुने थिएनौं हामी यो संसारमा ।।

आमा नै हुन् हाम्रो आधार, आमा नै हुन् खुशी
आमालाई बनाउनु हुन्न हामीले दुःखी
आमालाई बनाउनु हुन्न हामीले दुःखी ।।

*कक्षा-७, महेन्द्र मावि, बकैया-४*

## जग्गा भाडामा चाहियो

हेटौंडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कट्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।



सम्पर्क नम्बरः ९८४९४५४६८३




## श्री जनप्रिय माध्यामिक विद्यालय
(प्राविधिक शिक्षालय)
हेटौंडा १६, हटिया चिसापानी

## प्रशिक्षक आवश्यकता

*(सूचना प्रकाशित मिति : २०८०/१०/१० गते)*

यस श्री जनप्रिय मा वि (प्राविधिक शिक्षालय), हेटौंडा १६ चिसापानी मकवानपुरमा विद्यालय व्यावस्थापन समितिको मिति २०८०/१०/०५ गते बसेको बैठकको निर्णय अनुसार माध्यमिक तहमा अंग्रेजी माध्यममा अध्यापनको लागि करार सेवा (निजीस्रोत) मा माध्यमिक तहमा १ जना गणित विषय शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित पदमा तपसिल बमोजिमको आधारमा दक्ष एवं योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र)दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना आह्वान गरिएको छ। साथै तलब सुविधा विद्यालय व्यवस्थापन समितिले तोके अनुसार हुनेछ ।

**तपसिल**:
**विज्ञापन नं.: ४/८०-८१**
पदः माध्यमिक तह (गणित विषय) शिक्षक
सेवाः करार
संख्याः १ (एक)
शैक्षिक योग्यताः B.Ed. वा सो सरह उत्तीर्ण, मुख्य विषय गणित भएको ।
उमेरः २१ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।
दरखास्त दिने अन्तिम मितिः २०८०/१०/२४ गते, फाराम भर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट सम्म दरखास्त बुझाउन सकिनेछ ।
सम्पर्क मितिः २०८०/१०/२५ गते साथै परीक्षा मिति सोही दिन जानकारी गराईनेछ ।

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरू**:
- एस एल सी/एसइइ देखि माथिका सबै तह उत्तीर्ण लब्धाकं पत्र एवं चारित्रिक प्रमाणपत्रको वा सो सरहको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु १-१ प्रति, नेपाली नागरिकताको प्रतिलिपी २ प्रति ।
- साथै दरखास्त फारमसँगै परीक्षा दस्तुर रु. १५००।- लेखा शाखामा नगद बुझाएको नगदी रसीद वा बैंक दाखिला गरेको भौचर संलग्न राखि बुझाउनुपर्नेछ ।

सम्पर्क : ०५७(५३०१२२, ९८४५२३४७५५
शिक्षक छनौट समिति(२०८०
श्री जनप्रिय माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)
हेटौंडा १६, हटिया चिसापानी

**सम्पर्क : ०५७-५३०१२२, ९८४५२३४७५५**
**शिक्षक छनौट समिति-२०८०**
**श्री जनप्रिय माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)**
**हेटौंडा १६, हटिया चिसापानी**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

**खुल्ने समयः विहान ७ :00 बजेदेखि बेलुका ७ :00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# चितवनमा एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवनमा विभिन्न घटनामा एकैदिन ३ जनाको मृत्यु भएको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले दिएको जानकारी अनुसार चितवन जिल्लाको भरतपुर महानगरपालिका-२९, दासढुङ्गामा ना ५९ प २६२१ नम्बरको मोटरसाइकल र ना ६५ प ७२२५ मोटरसाइकल एक आपसमा ठोकिँदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ना ६५ प ७२२५ नम्बर को मोटरसाइकल चालक भरतपुर महानगर पालिका-७ का ४० वर्षीय प्रकाश बाबु थापाको मृत्यु भएको छ भने मोटरसाइकलमा सवार ३ जना घाइते भएको प्रहरीले जानकारी दिएको छ।

मोटरसाइकलमा सवार भरतपुर महानगरपालिका-७ का ५८ वर्षीय तिलक बहादुर थापा, रत्ननगर नगरपालिका-१३ बस्ने वर्षीय २२ को सुदर्शन आचार्य र ४४ वर्षीया साबित्री आचार्य घाइते भएका थिए। घाइते ३ नै जनाको नयाँ मेडिकल कलेज भरतपुरमा उपचार भइरहेकोमा सुदर्शन आचार्यलाई थप उपचारका लागि टिचिङ अस्पताल काठमाडौं रिफर गरिएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, भरतपुर महानगरपालिका-१ स्थित मन्दिरपेटिमा एक जना पुरुष मृत फेला परेका छन्। सोमबार बेलुका ७ बजेर ३० मिनेटको समयमा नारायणी किनारमा रहेको हरिहर मन्दिर अगाडि पेटिमा मागी खाई हिँड्ने नामथर नखुलेको अन्दाजी ५५ वर्षीय पुरुष बेवारिसे अवस्थामा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ।

राप्ती नगरपालिका-२, शिवशक्ति सामुदायिक वनमा रुखबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मिलनटोल बस्ने ५८ वर्षीय रत्न बहादुर प्रजा रहेको प्रहरीले जानकारी दिएको छ। प्रजा आइतबार बिहान १० बजेको समयमा चन्दनको रूखमा चढी घाँस काट्ने क्रममा रुखबाट लडी गम्भिर घाईते भएका थिए। घाइते प्रजालाई जंगलबाट घर ल्याउने क्रममा बाटोमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# सशस्त्र प्रहरीको स्थापना दिवसमा विविध कार्यक्रम



रक्तदान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः "२३ औं सशस्त्र प्रहरी दिवस २०८०" को अवसरमा सशस्त्र प्रहरी बल नेपाल १४ नम्बर गण हेडक्वार्टर मकवानपुरले विविध कार्यक्रम गरी मनाएको छ।

दिवसको अवसरमा माघ ४ गते अमर सशस्त्र प्रहरी हवल्दार माधव प्रसाद सापकोटाको सम्झनामा पाथिभरा मन्दिर परिसरमा चौतारा निर्माण तथा उद्घाटन, भेटघाट तथा अन्तरक्रिया गरिएको थियो। दोस्रो दिन ५ र ६ गते ऐतिहासिक स्थलहरु पाटी-पौवा, मन्दिर, पार्क, बाटोलगायत धार्मिकस्थलहरुको सरसफाई गरेको थियो। यस्तै ७ गते हेटौंडा उपमहानगरपालिका भित्र रहेको नवज्योति माविमा भूकम्पको समयमा अपनाउनुपर्ने सतर्कता सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुका साथै १४ नम्बर गण मद्दती सेवा गुल्म बीच भलिबल खेल भएको थियो। माघ ८ गते वृक्षरोपण गरिएको थियो भने ९ गते स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम गरिएको छ। कार्यक्रममा गणका सशस्त्र प्रहरी, पत्रकारहरु गरी २२ जनाले रक्तदान गरेका थिए।

कार्यक्रमको अवसरमा अमर सशस्त्र प्रहरी हवल्दार माधव प्रसाद सापकोटाको आमाबुवालाई हिटर, फाइवर सिरक प्रदान गरिएको थियो। कार्यक्रमका बीच गणमा रहेर एक वर्षको कार्यको मुल्याङ्कन गर्दै ६ जना प्रहरीलाई सम्मान गरिएको छ। सम्मानित हुनेमा सशस्त्र प्रहरी हवल्दार नवराज सुवेदी, सशस्त्र प्रहरी सहायक हवल्दार कमल थापा, सशस्त्र प्रहरी जवान छलिमाया भोलन, सशस्त्र प्रहरी जवान राजेन्द्र कुमार राना, सशस्त्र प्रहरी जवान बसन्त प्रसाद भट्ट र सशस्त्र प्रहरी सहायक हवल्दार यसोदा केसी रहेका छन्। कार्यक्रममा भलिबल खेलको विजेता टिमलाई पुरस्कार वितरण गरिएको थियो। कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल १४ नम्बर गण हेडक्वार्टरका गणपति अनिल कार्कीले स्थापना दिवसको अवसरमा विभिन्न कार्यक्रम गरेको बताउनुभयो।

# सार्वजनिक यातायात सुधारको माग गर्दै मन्त्रीलाई ज्ञापनपत्र

समाज संवाददाता

हेटौंडाः सार्वजनिक यातायातको क्षेत्रमा सुधार गर्नुपर्ने माग गर्दै पुरानो नारायणी यातायात प्रालिले बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्सालललाई ज्ञापनपत्र बुझाएको छ। सार्वजनिक यातायातको विकासका निम्ति साविक ऐन तथा नियममा संशोधन, थप र खारेजीका लागि मंगलबार मन्त्रालयमा पुगेर २० बुँदे ज्ञापनपत्र बुझाइएको हो।

यातायात व्यवसायीहरुले यातायात क्षेत्रका संघसंस्थाको दर्ता तथा नवीकरण खुलाउनुपर्ने, सार्वजनिक सवारीको दायरामा सम्पूर्ण भाडाका सवारी साधनलाई अटाउनुपर्ने, यातायात निर्देशनालय वा यातायात प्राधिकरण बनाउनुपर्ने माग ज्ञापनपत्रमा छ। सवारी कर र राजश्व, सवारी दुर्घटनापश्चातको दायित्व र बिमा, सवारी दुर्घटनाका घाइतेका सम्बन्धमा ऐनमा भएका व्यवस्था परिमार्जन गर्नुपर्ने माग यातायात व्यवसायीको छ।

सवारी दुर्घटनाको जटिलता र कानुनी व्यवस्था, पञ्जीकरण, सवारी साधन नम्बरको प्रदेशीकरण, सडक इजाजत (बहुल) को नयाँ व्यवस्था हुनुपर्ने, चालक/सहचालक प्राविधिक शिक्षालय र व्यावसायिक लाइसेन्स हुनुपर्ने, बसपार्क तथा हाइवे भेहीकल पार्क हुनुपर्ने, तौलपुलको अनिवार्यता, विद्युतीय सवारी, सार्वजनिक सवारीमा २० वर्षे नीतिलगायत विषयमा ज्ञापनपत्रमार्फत् ध्यानाकर्षण गराइएको छ। सार्वजनिक सवारी सञ्चालन तथा व्यवस्थापन गर्ने संघसंस्था र कम्पनीलाई मूल्य अभिवृद्धि कर छुट दिनुपर्ने, यातायात मजदुरलाई सामाजिक सुरक्षा कोषको अनिवार्य व्यवस्था हुने नीति बनाउनुपर्ने, यातायातका सवारी साधनहरुमा सहुलियत कर्जा, नीजि क्षेत्रलाई थप व्यावसायिक र जिम्मेवार बनाउनुपर्ने, भारतीय सवारीको निर्वाध प्रवेशलाई समान व्यवहारमा लानुपर्ने माग ज्ञापनपत्रमा रहेको छ।

सवारी तथा यातायात व्यवस्था ऐन, मुलुकी ऐन, आचारसंहिता र बिमा नीतिलाई एक अर्कासँग समन्वयन हुने गरी ऐन तर्जुमा हुनुपर्ने माग छ। हाल कार्यान्वयनमा रहेको यातायात व्यवस्थापन कार्यविधि निर्देशिका २०६० संशोधन २०७४ अव्यवहारिक रहेको हुँदा संशोधन आवश्यक रहेको व्यवसायीको भनाइ छ। ज्ञापनपत्र बुझाउने क्रममा पुरानो नारायणी यातायात प्रालिका अध्यक्ष हीरालाल श्रेष्ठ, निवर्तमान अध्यक्ष बद्रीप्रसाद चौलागाई, महासचिव सरोजकुमार खनाल, उपाध्यक्ष विष्णु विडारी, कोषाध्यक्ष राजेश खड्कीलगायत यातायात व्यवसायीहरुको उपस्थिति रहेको थियो।

# राष्ट्रिय माविको अभिभावक भेला सम्पन्न

समाज संवाददाता

हेटौँडाः मकवानपुरको भीमफेदी गाउँपालिका-१, सानुटारस्थित राष्ट्रिय माध्यमिक विद्यालयको ४२ औं अभिभावक भेला शुक्रबार सम्पन्न भएको छ। भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा प्रमुख आतिथ्य तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामेश्वर थिङको सभाध्यक्ष कार्यक्रम सम्पन्न भएको विद्यालका शिक्षक राधा सिंतानले जानकारी दिनुभयो।

भेलालाई सम्बोधन गर्दै विद्यालयका प्रधानाध्यापक मान बहादुर घलानले विद्यालयको प्रगति, आर्थिक, भौतिक विवरण प्रस्तुत गर्नुभएको थियो। विशिष्ट अतिथिको भीमफेदी गाउँपालिका-१ का वडा अध्यक्ष सोम बहादुर स्याङ्तान, स्थानीय संघ संस्थाका प्रतिनिधिहरु, विद्यालय व्यवस्थापन समिति शिक्षक, अभिभावक संघका पदाधिकारीहरुको उपस्थिति रहेको शिक्षक सिन्तानले जानकारी दिनुभयो। भेला शिक्षक, कर्मचारी र विद्यार्थीको सहकार्यमा भएको थियो। विद्यालयमा हाल २ सय ९२ जना विद्यार्थी अध्ययनरत छन्।

# हेटौंडामा रग्बी प्रतियोगिता हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा रग्बी प्रतियोगिता हुने भएको छ। हेटौंडा रबरस क्लबको आयोजनामा यही माघ १४ र १५ गते प्रतियोगिता हुने भएको हो।

लिग कम नआउटको आधारमा सञ्चालन हुने प्रतियोगितामा महिलातर्फ ५ वटा र पुरुषतर्फ ४ वटा गरी ९ वटा टिमको सहभागिता रहेको छ। प्रतियोगितामा नेपाल महिला रग्बी क्लब काठमाडौं, हिमालयन टाइगर क्लब, बुढानिलकण्ठ नगरपालिका, भरतपुर महानगरपालिका, बर्दीवास नगरपालिका र हेटौंडा उपामहानगरपालिकाको टिमको सहभागिता रहनेछ।

मकवानपुर जिल्लामा रग्बी खेलको विकास गर्ने, नयाँ खेलाडीहरु उत्पादन गर्ने र खेलाडीहरु बीच भातृत्व कायम गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गर्न लागेको मकवानपुर जिल्लाका रग्बी प्रशिक्षक बिक्रम भारतीले जानकारी दिनुभएको छ।

प्रतियोगिता आयोजनाका लागि हेटौंडा उपमहानगरपालिकाबाट ५ लाख रुपैयाँ प्राप्त भएको र करिब ६ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ। प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ।

हेटौंडा उपमहानगरपालिकाबाट यु-२० उमेर समूहको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रतियोगिताका ६ जना महिला र ४ जना पुरुष सहभागी भएको प्रशिक्षक भारतीले बताउनुभयो। सहभागी हुने महिला खेलाडीमा सुष्मा पाखिन, मनिसा घिसिङ, ज्योति भोम्जन, सिरिसा लोप्चन र पुष्पा खड्का रहेका छन् भने पुरुष खेलाडीमा अभि राई, विशेक बच्छार, अभिषेक थापा र सुजन लोप्चन रहेका छन्।

# पूर्व जनमुक्ति सेनाको भेला

समाज संवाददाता

बागमतीः पूर्वजनमुक्ति सेना नेपाल मकवानपुरको तेस्रो भेला सम्पन्न भएको छ। बटालियन कमाण्डर प्रकाश घर्ती मगरको सभाध्यक्षता तथा नेकपा माओवादी केन्द्रका केन्द्रीय महासचिव देव गुरुङको प्रमुख आतिथ्यमा भेला भएको हो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पार्टीका महासचिव गुरुङले युद्धस्थललाई ऐतिहासिक संग्रहालयको रूपमा विकास गर्न केन्द्रबाट सक्दो पहल गर्ने बताउनु भयो। जनयुद्धको क्रममा ज्यान गुमाएका सहिद परिवारप्रति शोक व्यक्त गर्नुहुँदै उहाँले मुलुकको समृद्धिका लागि कम्युनिस्ट धारका पार्टी र अन्य दलहरुबीच आपसी सहकार्य हुनुपर्ने विचार व्यक्त गर्नुभयो। सोमबार बागमती गाउँपालिकास्थित झुरझुरेमा रहेको सहिद स्मारकमा जनमुक्ति सेनाको भेट्घाट एवम् युद्धस्थलको अवलोकन गरेको छ। २०६२ साल माघ ८ गते झुरझुरेमा तत्कालिन शाही नेपाली सेना र माओवादी लडाकुबीच भिडन्त भएको थियो। उक्त भिडन्तमा २८ जनाले ज्यान गुमाएका थिए।

कार्यक्रममा मकवानपुरका ४ सय जना भन्दा बढी पूर्वजनमुक्ति सेनाहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्य एवम बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तान, केन्द्रीय सदस्य प्रल्हाद लामिछाने, पार्टीको बागमती प्रदेश उपाध्यक्ष एवम् बागमती प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी, पार्टी मकवानपुर जिल्ला संयोजक एवम् बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान लगायतको आतिथ्य रहेको थियो।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# तासिर बोर्डिङको खेलकुद सप्ताह सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७ स्थित तासिर इङ्लिस सेकेन्डरी बोर्डिङ स्कूलको खेलकुद सप्ताह कार्यक्रमको सुरुवात भएको छ। मंगलबार हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा विद्यालयका खेलकुद सप्ताह सुरु भएको हो।

खेलकुद सप्ताहको उद्घाटन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिठेबहादुर कार्कीको सभाध्यक्ष तथा वडा नम्बर-५ का वडा अध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यमा भएको हो। उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष घिमिरेले विभिन्न विद्यालयले आयोजना गरेको खेलकुद सप्ताहले विद्यार्थीहरुमा लुकेको प्रतिभालाई जगाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले विद्यालयका विद्यार्थीहरुलाई विभिन्न खेलकुद प्रतियोगितामा सहभागी हुने क्रममा प्रशिक्षकको व्यवस्था गराउन आग्रह गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कार्कीले शिक्षा सँगसँगै विद्यार्थीहरुलाई मनोरञ्जन गराउने उद्देश्यले सप्ताहको आयोजना गरेको बताउनुभयो। मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले विद्यालयले आयोजना गरेको खेलकुद प्रतियोगितामार्फत् विद्यार्थीहरु प्रदेशस्तरीय हुँदै राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुने विश्वास व्यक्त गर्नुभयो।

शुक्रबारसम्म सञ्चालन हुने कार्यक्रममा महिला पुरुष फुटबल, कबड्डी, डज बल, टग अफ वार, एथ्लेटिक्स, बलुन नृत्य, विद्यालय जाने तयारी, गणित दौडलगायत खेलहरु सञ्चालन हुनेछ। विद्यार्थीहरुले नृत्य र तेक्वान्दो खेलको काता प्रदर्शनी पनि गरेका छन्। खेलकुद सप्ताहमा नर्सरी कक्षादेखि ९ कक्षासम्मका विद्यार्थीहरुको सहभागिता रहेको छ। विभिन्न प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरुलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने बोर्डिडका प्रधानाध्यापक विनोद थपलियाले बताउनुभएको छ।

खेलकुद सप्ताहको उद्घाटन कार्यक्रममा बागमती प्रदेश खेलकुद विकास परिषदका सदस्य माधव तिमल्सिना, बागमती प्रदेश क्रिकेट संघका उपाध्यक्ष प्रेम क्षेत्री, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला, विद्यालयका शिक्षक, विद्यार्थीको उपस्थिति रहेको थियो।

# वडास्तरीय शैक्षिक प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को आयोजनामा शुक्रबार शैक्षिक प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम हुने भएको छ। मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै ४ नम्बर वडास्थित शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दाहालले कार्यक्रमबारे जानकारी गराउनुभयो।

वडाभित्रका प्रत्येक विद्यालयबाट विद्यार्थीले निर्माण गरेको विज्ञान, गणित र सामाजिक विषयसँग सम्बन्धित सामग्रीको स्टल राखिने जनाइएको छ। प्रदर्शनीमा राखिएका प्रत्येक विषयका शैक्षिक सामग्रीको मूल्यांकन गरी पुरस्कृत गरिने बताइएको छ। हरेक विषयमा प्रथम, द्वितीय र तृतीय घोषणा गरी शैक्षिक सामग्री निर्माण गर्ने विद्यार्थीको समूह तथा विद्यालयका शिक्षकलाई अलग-अलग पुरस्कृत गरिनेछ।

कार्यक्रममा विद्यालयका विद्यार्थीहरुको सामूहिक नृत्य तथा एकल गायन प्रतियोगिता गरिने पत्रकार सम्मेलनमा जानकारी गराइएको छ। गायन तथा नृत्य प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयका विद्यार्थीलाई पनि पुरस्कार प्रदान गरिनेछ।

कार्यक्रमका लागि ५ लाख रुपैयाँ बजेट विनियोजन गरेको वडा अध्यक्ष नवीन सिग्देलले बताउनुभयो। कार्यक्रममा १० हजार विद्यार्थी तथा अभिभावक सहभागी भएर अवलोकन गर्ने आयोजकको अनुमान छ।

वडाभित्र सञ्चालित विद्यालयले गरेका राम्रा अभ्यासबारे प्रस्तुति गराउने, शैक्षिक प्रतिस्पर्धा, गुणस्तर अभिवृद्धि र मौलिक कलाको रक्षा गर्न कार्यक्रम आयोजना गरिएको जनाइएको छ। वडाले गत वर्ष पनि शैक्षिक प्रदर्शनी कार्यक्रम आयोजना गरेको थियो।

# महेन्द्र किरणको प्रअमा कविता

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-८, सिम्पानीस्थित महेन्द्र किरण माविको प्रधानाध्यापक (प्रअ) मा कविता लामा नियुक्त हुनुभएको छ। विद्यालय व्यवस्थापन समितिको मंगलबार बसेको बैठकले लामालाई प्रधानाध्यापकको जिम्मेवारी दिएको हो। यसअघिका प्रधानाध्यापक शिव बहादुर रिजालले राजिनामा दिनुभएपछि मावि अंग्रेजी विषयकी स्थायी शिक्षक लामालाई प्रधानाध्यापकको जिम्मेवारी दिइएको हो।

२०७१ सालमा निमावि तहको शिक्षकको स्थायी नियुक्ति पाउनुभएकी लामाले २०७५ सालमा मावि तहको परीक्षा उत्तीर्ण गर्नुभएको थियो। मावि तहमा बकैया गाउँपालिका-१२, मन्थलीस्थित प्रसिद्ध माविमा ३ वर्ष सेवा गर्नुभएपछि २०७८ सालमा लामा महेन्द्र किरण माविमा सरुवा भएर आउनुभएको थियो।

विद्यालयको नेतृत्व गर्ने अवसरलाई उपयोग गर्दै विद्यालयको सकारात्मक परिवर्तनमा आफू सक्रिय रहने नवनियुक्त प्रधानाध्यापक लामाको भनाइ छ। विद्यालयका सरोकारवालासँगको सहकार्य र समन्वयका काम गर्ने लामाले बताउनुभएको छ। १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा आठ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

## मकवानपुर जिल्ला साइक्लिङ संघको

**साधारणसभा सम्बन्धी सूचना**

मकवानपुर जिल्ला साइक्लिङ संघको वार्षिक साधारणसभा तपसील आयोजना गरिएको हुँदा सम्पूर्ण सदस्यलाई उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसील**
**मितिः २०८०/१०/१३ गते शनिबार**
**समयः बिहान ९ बजे**
**स्थानः क्विक-२० होटेल, हेटौंडा-४**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ